PANCHKHAL MUNICIPALITY
OFFICE OF MUNICIPAL EXECUTIVE
PANCHKHAL, KAVREPALANCHOK
BAGAMATI PROVINCE, NEPAL

# बोलपत्र स्वीकृत गर्ने आसयको सुचना

प्रकाशित मिति : २०८२/११/२६

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धि सुचना र तत्पश्चात रीतपूर्वक दर्ता भएका बोलपत्र उपर कारवाही हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आसयको सुचना प्रकाशित गरिएको छ ।

| S. N. | IFB NO. | Description of work | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (VAT बहेक) |
|---|---|---|---|---|
| 1 | PMUN/NCB/GOODS/02/2082/083 | Procurement of AC Street Light and related Items | Prestha Traders & Suppliers, Gaur,Rauthat | 13,65,887.50/- |

२०८२।११।२६

पुरुषोतम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

# कर्णालीबाट चुनाव लडेका ६ पूर्वमन्त्री मतदाताबाट अस्वीकृत

## प्रत्यक्षमा १ सिटमा खुम्चिएको रास्वपा समानुपातिकमा दोस्रो



■ खगेन्द्र भट्टराई

सुर्खेत । २१ फागुनमा सम्पन्न प्रतिनिधिसभा चुनावमा उम्मेदवार बनेका कर्णालीका ६ जना पूर्वमन्त्रीलाई मतदाताले पत्याएनन् । विभिन्न पार्टीबाट पटक-पटक मन्त्री बनेकाहरू चुनावबाट पराजित भएका छन् । १२ निर्वाचन क्षेत्र रहेको कर्णालीमा प्रदेश सरकारका ४ र संघीय सरकारका ५ पूर्वमन्त्री चुनावी मैदानमा होमिएका थिए । ५ संघीय पूर्वमन्त्रीमध्ये पूर्वअर्थमन्त्री जनार्दन शर्मा, पूर्वगृहमन्त्री शक्तिबहादुर बस्नेत, पूर्वपर्यटनमन्त्री खड्कबहादुर विश्वकर्माले चुनावमा हार बेहोर्नुपर्‍यो । संघीय सरकारमा मन्त्री भएका डोल्पाका धनबहादुर बुढा र कालिकोटका महेन्द्रबहादुर शाहीले चुनाव जितेर फेरि सिंहदरबारमा छिर्ने मौका पाएका छन् । डोल्पाका बुढा पूर्वसहरी विकासमन्त्री र कालिकोटका शाही कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री तथा संघीय सरकारका पूर्वऊर्जा मन्त्री हुन् ।

कर्णाली प्रदेश सरकारका ४ पूर्वमन्त्रीमध्ये रुकुम पश्चिमका गोपाल शर्माले चुनाव जितेका छन् । कर्णाली सरकारका पूर्वआन्तरिक मामिला तथा कानुनमन्त्री नरेश भण्डारी, पूर्वकृषिमन्त्री चन्द्रबहादुर शाही र भौतिक विकासमन्त्री अम्मरबहादुर थापालाई मतदाताले तिरष्कार गरे । पूर्वमन्त्री भण्डारी जुम्लाबाट, शाही मुगुबाट र थापा दैलेख-१ बाट उम्मेदवार बनेका थिए । रोचक त के छ भने पराजित भएका सबै मन्त्रीलाई आफ्नै पूर्वसहकर्मीहरूले हराएका छन् ।

तत्कालीन नेकपा माओवादीका प्रभावशाली नेता जनार्दन शर्मालाई उनकै पूर्वस्वकीय सचिव गोपाल शर्माले पराजित गरे । २०६४ सालयता रुकुमपश्चिमबाट लगातार चुनाव जित्दै आएका जनार्दनलाई गोपालले ७ हजार २६३ मतान्तरले हराए । २१ हजार ६०९ मत प्राप्त गरी गोपाल निर्वाचित हुँदा जनार्दन दोस्रो हुन पनि सकेनन् । यहाँ कांग्रेसका राजु केसी १६ हजार ६६१ मत प्राप्त गरी दोस्रो बने । नेकपाबाट अलग्गिएर प्रगतिशील लोकतान्त्रिक पार्टी खोलेर चुनावमा गएका जनार्दनको १८ वर्षदेखिको निरन्तर संसदीय यात्राको बाटोमा ब्रेक लाग्यो ।

जाजरकोटमा २०६४ यताका सबै चुनावमा कहिल्यै एक्लै त कहिल्यै गठबन्धन गरेर पनि जित्दै आएका शक्तिबहादुर बस्नेत पनि नाम मात्रैका शक्ति देखिए । वास्तविकतामा उनी 'शक्तिहीन' भइसकेको निर्वाचन परिणामले देखायो । यहाँ १८ वर्षदेखिको कम्युनिस्ट गढ तोड्दै कांग्रेसका खड्कबहादुर बुढाले शक्तिलाई शक्तिहीन सावित गरिदिए । बुढाले २० हजार १४२ मत प्राप्त गर्दा बस्नेतले १७ हजार ४०७ मत प्राप्त गरे । बस्नेत यसअघि ३ पटक जाजरकोटबाट विजयी भएका थिए ।

१८ वर्षपछि संसदीय राजनीतिमा फर्किएका पूर्वमन्त्री नेकपा माओवादीका खड्गबहादुर विश्वकर्मा प्रकाण्डले पनि आफ्नै पूर्व सहकर्मीसँग चुनावी हार बेहोरे । कालिकोटका सबै संसदवादी दल एक हुँदा पनि आफूले चुनाव जित्ने दाबी गर्दै आएका प्रकाण्डको यो हार लज्जास्पद भयो । २०६४ सालको संविधानसभा निर्वाचनमा कालिकोटबाट १६ हजार ३८८ मतान्तरसहित २७ हजार ६२९ मत ल्याएर चुनाव जितेका विश्वकर्माले ४ हजार ५९९ मतमा खुम्चिनुपर्‍यो । नेकपाका महेन्द्रबहादुर शाहीले चौथोपटक चुनाव जितेर संसदीय यात्रामा होमिँदा तत्कालीन माओवादीले थालेको 'जनयुद्ध'को योजनाकार 'प्रकाण्ड' चौथो स्थानमा सीमित भए । 'नेकपाका सबै नेताहरू मेरा राजनीतिक बच्चा हुन्,' उनले चुनाव प्रचारका क्रममा ठाउँठाउँमा भन्दै आएका थिए । तर, कालिकोटका मतदाताले अभिभावक मानिएका प्रकाण्डलाई भन्दा 'बच्चा' महेन्द्रलाई पत्याए ।

तत्कालीन नेकपा एमालेबाट विद्रोह गरी कर्णाली सरकारमा फ्लोर क्रस गरेर कर्णाली प्रदेशको भौतिक पूर्वाधार विकासमन्त्री बनेका अम्मरबहादुर थापालाई दैलेख-१ बाट मतदाताले तिरष्कार गरे । २०७० को संविधानसभा, २०७४ को प्रदेशसभा र २०७९ को प्रतिनिधिसभामा जित निकालेका नेकपाका थापाले यसपटक लज्जास्पद हार बेहोरे । कांग्रेसकी बासना थापाले १२ वर्षपछि कम्युनिस्ट गढ तोडेर विजयको झन्डा फहराएकी छिन् । थापाले १२ हजार ३७२ मत ल्याएर ५७६ मतान्तरमा एमालेका रवीन्द्रराज शर्मालाई हराउँदै विजयी भएकी हुन् । शर्माले ११ हजार ७९६ मत प्राप्त गरेका छन् । रास्वपाका नन्दकिशोर बस्नेतले ८ हजार १५१ मत प्राप्त गरी तेस्रो स्थानमा हुँदा नेकपाका अम्मरबहादुर थापाले ४ हजार २५६ मतमा सीमित हुनुपरेको छ ।

कर्णाली सरकारका पूर्वआन्तरिक मामिला तथा कानुनमन्त्री नरेश भण्डारीलाई राप्रपाका ज्ञानेन्द्रबहादुर शाहीले पराजित गरेका छन् । शाहीले १४ हजार ८१६ मत प्राप्त गर्दै नेकपाका भण्डारीलाई ३ हजार १८१ मतान्तरले पराजित गरे । भण्डारीले ११ हजार ६३५ मत प्राप्त गरे । एमालेबाट एकीकृत समाजवादी हुँदै नेकपाबाट चुनाव लडेका मुगुका चन्द्रबहादुर शाही उपविजेता पनि बन्न सकेनन् । मुगुमा कांग्रेसका खडकबहादुर शाहीले चन्द्रबहादुरलाई हराएका छन् । खडक शाहीले मुगुमा ७ हजार ९१४ मत ल्याएर निर्वाचित हुँदा एमालेका पूर्णबहादुर रोकाया ६ हजार ७१८ मतसहित निकटतम प्रतिस्पर्धी बने । नेकपाका चन्द्रबहादुर शाहीले ५ हजार ५५८ मत ल्याएर तेस्रो स्थानमा सीमित हुन परेको छ ।

**प्रत्यक्षमा १ सिट जितेको रास्वपा समानुपातिकामा दोस्रो**

यत, प्रतिनिधिसभा निर्वाचनमा कर्णालीमा १ सिट मात्र प्रत्यक्ष जितेको रास्वपा समानुपातिकमा भने दोस्रो ठुलो दल बनेको छ । १२ निर्वाचन क्षेत्र रहेको कर्णालीमा रास्वपा १ लाख २९ हजार ७३६ मत ल्याएर प्रदेशमा दोस्रो ठुलो दल बनेको हो । पहिलो दल बनेको कांग्रेसले १ लाख ३४ हजार ३३३ मत ल्याएको छ । समानुपातिकामा तेस्रो स्थानमा रहेको एमालेले १ लाख ११ हजार ७११ मत ल्याएको छ । कर्णालीलाई आफ्नो आधार इलाका ठान्ने नेकपा ९९ हजार ८४२ मत ल्याएर चौथो स्थानमा छ ।

जुम्लामा राप्रपाका ज्ञानेन्द्र शाहीले १४ हजार ८१६ मत ल्याएर प्रत्यक्षमा निर्वाचन जित्दा राप्रपाको समानुपातिकमा १५ हजार ३५७ मत आएको छ । रुकुमपश्चिममा प्रगतिशील लोकतान्त्रिक पार्टीका जनार्दन शर्माले १४ हजार ३४६ मत ल्याएर तेस्रो हुँदा उनको दलले कर्णालीबाट ८ हजार २२९ मत पाएको छ । विप्लव नेतृत्वको नेकपा माओवादीले ५ हजार ८४४ मत पाएको निर्वाचन आयोगले जनाएको छ । सुर्खेतका २ निर्वाचन क्षेत्र, दैलेख-१ र सल्यानबाहेक अरू सबै क्षेत्रबाट रास्वपाका उम्मेदवारको जमानत जफत भएको छ ।


सिदिङ्वा गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

साब्लाखु, ताप्लेजुङ

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

मिति २०८२/११/२६

यस सिदिङ्वा गाउँपालिको कार्यालय बाट मिति २०८२/१०/२२ गते प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार रीतपूर्वक पेश हुन आएका बोलपत्रहरु मध्ये मुल्यांकन समितिबाट न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएको देहाय बमोजिमको बोलपत्रदातालाई स्वीकृतिका लागी छनौट गर्ने निर्णय भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) तथा नियमावली २०६४ को नियम ५ (क) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का आई. डि. नं. | योजनाको नाम | छनौट गरिएका बोलपत्रदाता | स्वीकृत बोलपत्रको रकम मु. अ. कर सहित |
|---|---|---|---|---|
| १ | SRM/TPJ/NCB/ WORKS/ 082/083-15 | Construction of Ward no.6 office Building Sidingwa Rm,Taplejung | Angbo Brothers Nirman sewa Phidim,Pachthar Nepal | ८७,९९,२४७.५७ (अक्षेरपी सतासी लाख उनान्सय हजार दुईसय सत्चालिस रुपैंया सन्ताउन्न पैसा मात्र) |

*निमित्त प्रमुख प्रशासकीय अधिकृत*



ऋषिङ्ग गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

पोखरीभञ्ज्याङ्ग, तनहुँ

गण्डकी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने सम्बन्धी वित्तीय आशयको सूचना**

(सूचना प्रकाशित मिती : २०८२/११/२६)

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०८२/०८/१० मा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मुल्याङ्कन भएर मिति २०८२/११/०४ मा प्राविधिक प्रस्ताव स्वीकृतको आशयपत्रको सूचना दिइएकोमा निर्धारित ७ (सात) दिन भित्र कुनै पनि बोलपत्रदाताले पुनवरालोकनका लागि निवेदन नदिएकोले तपसिल बमोजिमको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को (१) बमोजिम न्युनतम मुल्यांङ्कित सारभुतरुपमा प्रभावग्राही भई बोलपत्र मुल्याङ्कन समितिले गरेको निर्णय अनुसार स्वीकृतको लागि प्रकृया अगाडी बढाउनु पर्ने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनको लागी यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| क्र. स | कामको विवरण | ठेक्का नं | बोलपत्र दाताको नाम र ठेगाना | बोल कबोल रकम | ला.ई.भन्दा कमी वा बढी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | Upgrading of Jhaputaar Kahun Road (IV) | 04/RRM/THN/NCB/ WORKS/2082-83 | ARCD-Belu-Harishanti J/V, Tanahun | NRs. 2,03,82,482.78 (exclusive PS and VAT) | 20.82 Percent Lower | |

प्रमुख प्रशासकीय अधिकृत



**Nepal Electricity Authority**

**Notice Regarding Intent to Award the Contract**

**Notice Publication Date : 2082/11/26**

| Name & Address of Office | IFB and Type of Bidding | Name & Address of Lowest Evaluated Substantially Responsive Bidder | Total Accepted Bid Price |
|---|---|---|---|
| Distribution and Consumer Services Directorate (Tel No : 01-4153149) | DCSD ADMIN 2082/083-02 (Re) | M/s Watsa Multi Business House, Lalitpur | NRs. 9,61,500.00 (Excluding VAT) |
| Gandaki Provincial Office, Pokhara (Tel No. 061-451500) | GPO/2082/83-02 | M/s Hulas Infra Ltd. Kathmandu. | NRs. 2,67,66,559.72 (With VAT) |
| | GPO/2082/83-03 | M/s Bhagawati Steel Ind. Ltd. Jeetpur Simara | NRs. 2,66,19,410.00 (With VAT) |
| Inaruwa Distribution Centre (Tel No: 025-566775) | NEA INWDC 2082/083–02(SQ)civil | M/s Mansuri Nirman Sewa Babiya -1, Sunsari. | NRs. 6,04,720.17 (With VAT) |
| Rasuwa Distribution Centre (Tel No. : 010-540176) | NEA/RDC/ 2082/083-02SQ(RE) | M/s Siyaram Engineering And Construction | NRs. 4,45,737.77 (With VAT) |



सुदूरपश्चिम प्रदेश सरकार

सामाजिक बिकास मन्त्रालय

**प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र**

धनगढी, कैलाली

**बोलपत्र रद्द गरिएको सूचना**

**सूचना प्रकाशन मिति : २०८२/११/२६ (March 10, 2026)**

यस केन्द्र बाट मिति २०८२/०८/१७ गते आव्हान भएको बोलपत्र IFB No:- PHLMCSP/G/NCB-09/082-083, Procurement Supply & Delivery of Hand Held Fetal Doppler and CTG Machine सम्बद्ध बोलपत्रको सम्पूर्ण खरिद प्रक्रिया केन्द्रको मिति २०८२/११/२५ गतेको निर्णय अनुसार रद्द गरिएको व्यहोरा सम्बन्धित सबैको लागि जानकारी गरिन्छ । थप जानकारीका लागि टेलिफोन नं. +977-091-524982, email: phlmcsp@gmail.com.

निमित्त निर्देशक



नेपाल सरकार

गृह मन्त्रालय

कारागार ब्यबस्थापन बिभाग

**कारागार कार्यालय, बैतडी**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति : २०८२/११/२६

यस आयोजनाबाट मिति २०८२/१०/२८ गते सौर्य राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हान सम्वन्धी सूचना बमोजिम प्राप्त हुन आएका बोलपत्रदाताहरु मध्ये निम्न अनुसारका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनौट भएकाले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न. | ठेक्का नं. | योजनाको नाम | बोलपत्रदाताको नाम | कबोल अंक र मुद्रा रु (पि.एस र मु.अ.कर समेत) |
|---|---|---|---|---|
| १ | JAIL/BAITADI/ NCB1- | Construction of Admin Block of Prison office Baitadi | Nisha & Maninsha Nirman Sewa, Baitadi | 3736042.72 |



**पाँचखाल नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

पाँचखाल, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आसयको सूचना**

प्रकाशित मिति : २०८२/११/२६

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धि सूचना र तत्पश्चात रीतपूर्वक दर्ता भएका बोलपत्र उपर कारवाही हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आसयको सूचना प्रकाशित गरिएको छ ।

| S. N. | IFB NO. | Description of work | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (VAT सहित) |
|---|---|---|---|---|
| 1. | PMUN/NCB/ GOODS/02/2082/083 | Procurement of AC Street Light and related Items | Prestha Traders & Suppliers, Gaur, Rauthat | 13,65,887.50 |